REG.NO. 1289/067/068

यूनिभर्सल पावर कम्पनी लिमिटेड
Universal Power Company Limited

Ref No- UPCL/EL/22/082/83

मिति : श्रावण ३०, २०८२

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय :- २०८१/०८२ को चौथो त्रैमासिक विवरण प्रकाशित गरिएको बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा यस यूनिभर्सल पावर कम्पनी लिमिटेडको आ.व. २०८१/८२ को चौथो त्रैमासिक विवरण (धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ बमोजिम) मिति श्रावण ३०, २०८२ मा आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको कुरा यहाँ समक्ष जानकारी गराउँदछौं ।

संलग्न :

१. आ.व. २०८१/८२ को चौथो त्रैमासिक वित्तिय विवरण ।

भवदीय,

हरी पन्थी
परिपालन अधिकृत

बोधार्थ :

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग, सानो गौचरन, काठमाण्डौं ।

Bluestar complex, Tripureshwor-11, Kathmandu, Nepal Tel: 01-4101097, 01-4251463,
Email: universal2067@gmail.com, Web: www.universalpowercompany.com.np

वर्ष २० | अंक २९२ | काठमाडौं | शुक्रवार, ३० साउन २०८२ | Friday, 15 August 2025 | पृष्ठ ८+४+४+४+४ | मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनूसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८१/०८२ को चौथो त्रैमासिक प्रतिवेदन

यूनिभर्सल पावर कम्पनी लिमिटेड

ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।

फोन: ०१-५३५१४६३

१) वित्तीय विवरण :

क) आ.व.२०८१/०८२ को चौथो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण ।

वित्तीय अवस्थाको विवरण

(रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	अषाढ मसान्त २०८२ सम्मम	चैत्र मसान्त २०८१ सम्मम	अषाढ मसान्त २०८१ सम्मम
सम्पत्ति			
गैह्र चालु सम्पत्ति			
स्थिर सम्पत्ति	२,८९४,४०६,२७७.२५	२,८९६,४३०,६०४.७८	२,९१७,९२१,७८०.१८
पूँजीगत कार्य प्रगति	७७,३६९,१४४.५६	७५,९७३,३०७.०१	६९,५९१,२४१.५८
लगानी	८२८,०६१,५२७.८४	६६४,८५३,७५३.७८	६४६,५४२,७४७.५३
जम्मा गैह्र चालु सम्पत्ति	**३,७९९,८३६,९४९.६५**	**३,६३७,२५७,६६५.५७**	**३,६३४,०५५,७६९.२९**
चालु सम्पत्ति			
नगद तथा बैंक मौज्दात	११७,५९९,४२९.६१	८६,०७६,८३१.४६	८,८७५,३१८.२९
मुद्दती निक्षेपमा लगानी	-	१७०,०००,०००.००	१७०,०००,०००.००
आसामीहरु	६२,२६१,०५३.१८	२९,२६४,४९८.४१	४६,६२८,१९१.८०
अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी	६९,४३७,९५०.८५	८०,९९१,७१२.१८	७०,७१६,५३२.७४
जम्मा चालु सम्पत्ति	**२४९,२९८,४३३.६४**	**३६६,३३३,०४२.०५**	**२९६,२२०,०४२.८३**
जम्मा सम्पत्ति	**४,०४९,१३५,३८३.२९**	**४,००३,५९०,७०७.६२**	**३,९३०,२७५,८१२.१२**
पूँजी तथा दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूँजी	२,२७९,९२९,९२५.००	२,२७९,९२९,९२५.००	२,२७९,९२९,९२५.००
जगेडा कोष र संचित नाफा	२८६,३८४,६०२.७५	२५२,७९२,४१९.०१	१४४,४३६,४०४.०९
जम्मा पूँजी तथा जगेडा कोष	**२,५६६,३१४,५२७.७५**	**२,५३२,७२२,३४४.०१**	**२,४२४,३६६,३२९.०९**
दायित्व			
गैह्र चालु दायित्व			
दीर्घकालीन बैंक ऋण	१,३८५,८७३,७१६.१०	१,३९५,८६६,६३१.४८	१,४३९,९३८,०३१.५७
जम्मा गैह्र चालु दायित्व	**१,३८५,८७३,७१६.१०**	**१,३९५,८६६,६३१.४८**	**१,४३९,९३८,०३१.५७**
चालु दायित्व र व्यवस्था			
व्यापारिक र अन्य दायित्व	६८,१०३,५३५.२६	७१,५६३,६०३.९७	५५,३३१,४५१.३८
अल्पकालीन बैंक ऋण	२५,०००,०००.००	-	८,५००,०००.००
अन्य व्यवस्थाहरु	३,८४३,६०४.१७	३,४३८,१२८.१५	२,१४०,०००.०९
जम्मा चालु दायित्व तथा व्यवस्थाहरु	**९६,९४७,१३९.४३**	**७५,००१,७३२.१३**	**६५,९७१,४५१.४७**
जम्मा पूँजी तथा दायित्व	**४,०४९,१३५,३८३.२९**	**४,००३,५९०,७०७.६२**	**३,९३०,२७५,८१२.१२**

आय विवरण

(रकम रु. मा)

विवरण	लेखा परीक्षण नभएको		
	अषाढ मसान्त २०८२ सम्मम	चैत्र मसान्त २०८१ सम्मम	अषाढ मसान्त २०८१ सम्मम
कुल आम्दानी	३३७,८२२,६६४.८७	२६१,३९८,२६५.२१	३२१,२७३,०३९.५८
विद्युत उत्पादन खर्च	(५२,९९२,९९९.१४)	(३५,२३५,७९९.५५)	(४८,८५३,५३४.१७)
प्रशासनिक खर्च	(२०,१८७,३६०.४५)	(१४,७०५,११६.११)	(१९,४५९,८७१.०५)
ह्रासकट्टी	(२९,९७६,९५८.४९)	(२२,४४१,१९३.०४)	(२९,५६३,८९१.८८)
वित्तीय लागत	(९४,७५१,६७१.००)	(८२,६०४,३८७.८९)	(१४८,३९४,९२५.५७)
खुद नाफा/(नोक्सान)	**१३९,९१३,६७५.७९**	**१०६,४११,७६८.६१**	**७५,०००,८१६.९१**

नोट:
माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुन:वर्गीकरण गर्न सकिने छ ।
लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धी विवरण निम्नाअनुसार छन् :

अवधी	प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण)	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	प्रतिशेयर कुल सम्पतीको मूल्य रु.	मूल्य आम्दानी अनुपात
यस त्रैमासिक अन्त्य सम्मम	६.१४	११२.५६	२.५७	१७७.६०	६५.८१

२) व्यवसायिक विश्लेषण :

क) त्रैमासिक अवधीमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:

यस कम्पनीले दोलखा जिल्लाको गौरीशंकर गाँउपालिकाको वडा न. ६ मा ११ मेगावाट क्षमताको तल्लो खारे खोला जलविद्युत आयोजनाबाट विद्युत उत्पादन गर्दै आई रहेको छ। हाल २०८२ अषाढ मसान्त सम्मको बिल रकम सहित रु ६,२२,६१,०५३.१८ (अक्षरमा : छ करोड बाईस लाख एकसठी हजार तिरपन्न रुपैंया र अठार पैसा मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ ।

ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:

यस कम्पनीबाट लगानी गरिएको राप्ती हाइड्रो एण्ड जनरल कन्सट्रक्सन लिमिटेडद्वारा प्रवर्धित (रुकुम गाढ जलविद्युत आयोजना - ५ (मेगावाट) आयोजनाको निर्माण सम्पन्न गरी विद्युतको व्यापारीक उत्पादन शुरु भईसकेको छ तथा सो कम्पनीको शेयर नेपाल धितोपत्र बजारमा सुचिकृत भई कारोबार भईरहेको छ । साथै, यस कम्पनीबाट लगानी गरिएको माथिल्लो इड्खु खोला जलविद्युत आयोजना (२४.२२ मे.वा) को नेपाल विद्युत प्राधिकरण संग विद्युत खरिद बिक्री संम्झौता प्रकृयामा रहेको छ । र साथै विद्युत विकास विभाग संग विद्युत उत्पादन अनुमति पत्रको प्रकृयामा रहेको छ ।

ग) विगतको अनुभवबाट, संगठित कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:

विश्वव्यापी जलवायु परिर्वतनको कारणले खोलाहरुमा आएको बाढीको कारणले विधुत उत्पादनमा असर पुग्न गई आम्दानीमा कमी आउन सक्ने छ जसले गर्दा कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पर्ने देखिन्छ । साथै मानवीय नियन्त्रण भन्दा बाहिरको दैविक प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

घ) आयकर:

जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने र त्यस पछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने ब्यवस्था रहेको जानकारी गराउन चाहन्छु ।

३) कानुनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा कम्पनीले कसै विरुद्ध र कसैले कम्पनी विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४) कम्पनीको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रू.	अन्तिम मूल्य रू.	कारोबार भएको कुल दिन	कारोबार संख्या
४८९.००	३०४.९०	४०३.८७	६३.००	१२०,४१४.००

ख) धितोपत्र बजारमा भएको संगठित कम्पनीको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:

यस कम्पनीको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हूँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

५) समस्या तथा चुनौती :

कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरु बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ ।

६) संस्थागत सुशासन :

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७) सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।